दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल

दुल्लू नगरपालिका नगर कार्यपालिकाको कार्यालय दुल्लू, दैलेख २०७३

प.सं. २०८०/०८१ मितिः २०८१।०२।३१

च.नं. २५७४

श्री वडा कार्यालय (सवै)

दुल्लू नगरपालिका, नगरकार्यपालिकाको कार्यालय दुल्लू, दैलेख

**विषयः आर्थिक वर्ष २०८१।०८२ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना सिफारिस गर्ने सम्वन्धमा।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ को परिच्छेद ३ को दफा ४ बमोजिम आगामी आ व २०८१।०८२ मा यस नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत योजना तथा कार्यक्रम कार्यान्वयनको लागि वडासमितिको निर्णय सहित योजना तथा कार्यक्रम यसै साथ संलग्न मापदण्ड अनुसार पछि संशोधन नहुने गरि (१ वटा) मात्र योजना तथा कार्यक्रम छनौट गरि २०८१।०३।०५ गते भित्र यस कार्यलयमा पठाउन हुन अनुरोध छ।

तिलक वि.क.
प्रमुख प्रशासकीय अधिकृत

..................
(तिलक वि. क.)
**प्रमुख प्रशासकीय अधिकृत**

**बोधार्थः** श्री सूचना प्रविधि शाखा उक्त पत्र नगरपालिकाको Website, Facebook page मा Upload गर्नहुन।

## परिच्छेद ३

## <u>आयोजनाको तर्जुमा तथा रोजगारीमा खटाउने प्रक्रिया</u>

४. <u>आयोजना तर्जुमाः</u> (१) स्थानीय तहले यस कार्यक्रमको लागि वार्षिक योजना तर्जुमा गर्दा देहायका श्रममूलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनु पर्नेछ :-



(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुर्याउने ।

(२) उपदफा (१) बमोजिम सामुदायिक आयोजना छनौट गर्दा देहायका क्षेत्र भित्र मात्र पर्ने गरी छनौट गर्नु पर्नेछः-

(क) सडक निर्माण तथा मर्मत सम्भार

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी

- खानेपानी आयोजनाको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाइ

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार

(ङ) शिक्षा



- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण